घरपझोङ गाउँपालिका

## गाउँ कार्यपालिकाको ५८औं बैठकको निर्णयहरु

मिति २०८२।१२।२५

**प्रस्ताव नं. १ :-**

अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्वन्धमा ।

**निर्णय नं. १ :-**

गाउँ कार्यपालिकाको मिति २०८२।१२।१७ गते बसेको ५७औं बैठकमा २३ वटा निर्णय घरपझोङ गाउँपालिकाको १७औं गाउँसभा सञ्चालन गर्ने र गाउँसभामा पेश गा कार्यक्रमहरु बारे छलफल र निर्णय भएको थियो । सीपमुलक तालिमको दररेट तो कार्यक्रममा ८ जना स्थानीय युवाहरु ई-रिक्सा सवारी चालकको तालिममा पठाईए २०८१।८२ को बेरुजु प्रतिवेदन बारे जानकारी गराईएको । गाउँपालिकाको अंग्रेजीक मेकानिकल ईन्जिनियरको सेवा करारमा लिने सम्बन्धी निर्णयहरु भएकोमा धेरै निर्णयह अवस्थामा रहेको व्यहोरा जानकारी भयो ।

**प्रस्ताव नं. २ :-**

गाउँसभा अधिवेशनको कार्यसूची सम्बन्धमा ।

**निर्णय नं. २ :-**

यस गाउँपालिकाको १७औं गाउँसभाको अधिवेशनको बैठकको विस्तृत कार्यसूची तपसिल स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :-

### गाउँसभाको १७औं अधिबेशनको कार्यसूची

मिति : २०८२।१२।२६ गते, बिहिवार

| क्र.सं. | समय | कार्यसूची | प्रस्तु |
|---|---|---|---|
| १ | विहानको ८:१५ | अध्यक्षले गाउँ सभाको १७ औं अधिवेशन आह्वान गरेको पत्रको व्यहोरा सभामा वाचन गरेर जानकारी गराउने | सभाध्यक्ष श्री मो |
| २ | विहानको ८:२० | अधिवेशनको सफलताको शुभकामना मन्तव्य | सभा सदस्य श्री थकाली<br>सभा सदस्य श्री रसाईली |
| | विहानको ८:३० | विभिन्न समितिका प्रतिवेदन प्रस्तुत गर्ने | |
| ३ | | सुशासन तथा संस्थागत विकास समितिको प्रतिवेदन | संयोजक श्री फले थकाली |
| ४ | | आर्थिक विकास समितको प्रतिवेदन | संयोजक श्री मन |
| ५ | | पूर्वाधार विकास समितिको प्रतिवेदन | संयोजक श्री आस |

...ीय अधिकृत   अध्यक्ष

| | | | |
|---|---|---|---|
| ६ | | सामाजिक विकास समितिको प्रतिवेदन | संयोजक श्री प्रदिप थकाली |
| ७ | | वातावरण तथा विपद् व्यवस्थापन समितिको प्रतिवेदन | संयोजक श्री याम प्रसाद थकाली |
| ८ | | न्यायिक समितिको प्रतिवेदन | उपाध्यक्ष एवं संयोजक श्री जमुना थापा मगर |
| ९ | | अनुगमन समितिको प्रतिवेदन | उपाध्यक्ष एवं संयोजक श्री जमुना थापा मगर |
| १० | बिहानको १०:०० | घरपझोङ गाउँपालिकाको सार्वजनिक नीजि साझेदारी ऐन , २०८२ सम्बन्धी प्रस्ताव | विधायन समितिका संयोजक श्री जैकला वि.क.<br>समर्थनः गाउँ सभा सदस्य श्री विर प्रसाद थकाली |
| ११ | बिहानको १०:३० | विनियोजन ऐन, २०८२ संशोधन सम्बन्धी प्रस्ताव | उपाध्यक्ष श्री जमुना थापा मगर<br>समर्थनः गाउँ सभा सदस्य श्री आनन्द गुरुङ |
| १२ | बिहानको १०:४५ | शोक प्रस्वात | सभाध्यक्ष श्री मोहन सिंह लालचन |
| १३ | बिहानको ११:०० | १७औं अधिवेशनको समापन | सभाध्यक्ष श्री मोहन सिंह लालचन |

**प्रस्ताव नं. ३ :-**

विषयगत समितिहरुको निर्णय सम्बन्धमा ।

**निर्णय नं. ३ :-**

गाउँसभा सञ्चालनको तयारी गर्ने र हाल सम्मको प्रगति सम्बन्धमा छलफल गर्ने गरी मिति २०८२।१२।२४ गते बसेको विभिन्न समितिहरु र विषयगत समितिहरुको बैठकहरुमा भएको निर्णयहरु समितिका संयोजकहरुबाट प्रस्तुत भई जानकारी भयो । विषयगत समितिहरुबाट पेश भएका योजना तथा कार्यक्रमहरुलाई आगामी गाउँसभामा पेश हुने विनियोजन ऐन, २०८२ को संशोधन सम्बन्धी प्रस्तावमा बजेटको परिधि भित्र रहेर कार्यान्वयन गरिने गरी प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ४ :-**

विनियोजन ऐन, २०८२ संशोधन सम्बन्धी प्रस्ताव सम्बन्धमा ।

**निर्णय नं. ४ :-**

मिति २०८२।१२।२६ गते सञ्चालन हुने गाउँपालिकाको १७औं गाउँसभाको अधिवेशनमा तपसिल बमोजिम विनियोजन ऐन, २०८२ संशोधन सम्बन्धी प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

सभाध्यक्षज्यू,

घरपझोङ गाउँपालिका, गाउँसभाको २०८२ असार महिनामा सम्पन्न भएको १६औं अधिवेशनबाट आ.व.२०८२।८३ को स्वीकृत बार्षिक योजना तथा कार्यक्रमहरुमा केही संशोधन गर्नु परेको र विभिन्न

प्रमुख प्रशासकीय अधिकृत अध्यक्ष

समस्याका कारण सञ्चालन हुन नसकेका योजना तथा कार्यक्रमहरुको वजेट रकमान्तर तथा योजनान्तर ग पर्ने भएको साथै अत्यावश्यक देखि तुरन्तै कार्यान्वयन गर्नु पर्ने योजना तथा कार्यक्रमहरुको समेत मा भएको हुँदा बजेटको परिधि भित्र रही विनियोजन ऐन, २०८२ संशोधन गर्न वाञ्छनीय भएकोले गाउँसभ समक्ष घरपझोङ गाउँपालिकाको विनियोजन ऐन, २०८२ को पहिलो संशोधनको लागि प्रस्ताव पेश गर्दछु।

सभाध्यक्ष ज्यू, यस गरिमामय सभामा ३ करोड ५० लाख ३८ हजार ९१४ रुपैयाँ थप गरी चालु आ.ब.क विभिन्न योजना तथा कार्यक्रमहरुबाट बचत भएको रकम समेत गरी योजना तथा कार्यक्रम थप गरी कुल वजेट रकम ३६ करोड ८० लाख ९७ हजार ०९५ रुपैयाँको को संशोधीत अनुमान सभा समक्ष पेश गर्दछु।

संशोधन हुने र थप हुने योजना तथा कार्यक्रमहरु सदस्यहरुलाई वितरण भईसकेको व्यहोरा सभाध्यक्ष ज्यू मार्फत सभालाई जानकारी गराउँछु।

प्रस्तावबाट प्राप्त हुने उपलब्धीहरुः-

- पूँजिगत खर्चमा वृद्धि भई विकास निर्माणका कार्य थप हुनेछन।
- विनियोजित बजेटमा सम्बोधन हुन नसकेका माग तथा योजनाहरु थप सम्बोधन हुनेछन्।
- हालसम्म कार्यान्वयनमा आउन समस्या भएका केहि योजनाहरु योजनान्तर हुँदा कार्यान्वयनमा सहजता आउनेछ।

देहाय :

चालु आर्थिक वर्ष २०८२/०८३को हिउँदे अधिवेशनबाट संशोधनका लागि पेश भएको विनियोजन ऐन, २०८२

| सि.नं. | शिर्षक | रकम रु. | सि.नं. | थप भएका योजना तथा काक्रम विवरण | रकम रु. |
|---|---|---|---|---|---|
| १ | चालु आ.ब. को अल्या/संचित रकम | ३५०३८९१४ | १ | छैरो खेल मैदान निर्माण, छैरो | १०००००० |
| | शिर्षक | बचत रकम रु | २ | चिमाङ पार्किङ स्थल निर्माण | १०००००० |
| १ | सामी कार्यक्रम खर्च (तलब भत्ता तथा व्यवस्थापन खर्च समेत) | ३५०००० | ३ | कृषकहरुका लागि कोल्डस्टोर निर्माणको लागि अनुदान, घरपझोङ-२, मुस्ताङ | २०००००० |
| २ | एम्बुलेन्स संचालन तथा व्यवस्थापन (मर्मत र इन्धन समेत) | ५००००० | ४ | स्याङ खोला नियन्त्रण तटबन्धन योजना, स्याङ | २०००००० |
| ३ | परामर्श तथा अन्य सेवा शुल्क | १०००००० | ५ | काठेपुल देखि पक्की सडक (जोमसोम-कोरला सडक) सम्म ढलान/पिच योजना, जोमसोम | २०००००० |

...कीय अधिकृत

अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | राजश्व, लेखा, जिन्सी तथा पञ्जिकरण र सिफारिस प्रणाली सम्बन्धी तालिम | ४००००० | ६ | डुम्बा स्कुल मुनि तथा लाप्राङमा ढल निर्माण, घरपझोङ-५ | ५००० |
| ५ | ASTO (खनिज तेल। ५०% अनुदानमा खरिद तथा वितरण | ३००००० | ७ | ठिनी जेष्ठ नागरिक दिवा कोठा, ठिनी | १२००० |
| ६ | अतिथि सत्कार | १०००००० | ८ | ठिनी ४ नं. टोल ढल निकास | ३००० |
| ७ | प्रदेश अस्पतालमा डाक्टरको लागि प्रोत्साहन अनुदान | ७००००० | ९ | सडक बत्ती जडान गर्ने योजना, गाउँपालिका भित्र मुल सडकको बाँकि रहने स्थानहरुमा | ५०००० |
| ८ | विभिन्न संघसंस्थाहरुलाई सहयोग | २००००० | १० | जोमसोम खानेपानी एप्पल टंकी निर्माण, जोमसोम | ६०००० |
| ९ | बेली बृज निर्माण तर्फको बचत रकम | २५००००० | ११ | ठिनी छपनी ढुङ्गा बिछ्याउने, ठिनी | ४०००० |
| १० | ग्याबिन बक्स/तार जाली खरिद | ५००००० | १२ | मार्फा कभर्डहल निर्माण सम्पन्न गर्ने, मार्फा | ८००००० |
| ११ | भगिनी सम्बन्ध कायम भएका स्थानीय तहहरुमा स्थानीय संस्कृति तथा पहिचान प्रवर्द्धन कार्यक्रम | ५००००० | १३ | विभिन्न स्थानमा प्रतिक्षालय डोमहाउस राख्ने | २५०००० |
| | | | १४ | काठेपुल देखि ठिनी जाने पुरानो बाटो सम्म छपनी बिच्याउने योजना, जोमसोम | ११३००० |
| | | | १५ | ४ र ५ कक्षाको स्थानीय पाठ्यक्रमको पाण्डुलिपि लेखन तथा शुद्धाशुद्धि (प्रुफरिडिङ्ग) | २६००० |
| | | | १६ | शिक्षा योजना तयार गर्ने | २०००० |
| | | | १७ | पोखरा महानगरपालिकाको अनुदानमा साझेदारी रकम | १००००० |
| | | | १८ | गण्डकी प्रदेश, उद्योग तथा पर्यटन मन्त्रालयको घरदेश अनि परदेश कार्यक्रमको साझेदारी रकम | २०००० |
| | | | १९ | २ नं. वडा कार्यालयको विद्युत लाईन मर्मत | २६९५ |
| | | | २० | गाउँपालिका भवनको विद्युत | २११५ |

अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | लाईन मर्मत | |
| | | | २१ | LED Board मर्मत | ९३९४० |
| | | | २२ | १ नं. वडा कार्यालयको शौचालय मर्मत र पानी चुहिने मर्मत गर्ने | १७५००० |
| | | | २३ | ३ नं. वडा कार्यालयको शौचालय मर्मत | १००००० |
| | | | २४ | ५ नं. वडा कार्यालयको शौचालय मर्मत | १००००० |
| | | | २५ | मार्फा स्वास्थ्य चौकीको ढल अन्य मर्मत कार्य | १४०००० |
| | | | २६ | जोमसोम स्वास्थ्य चोकीको बाटो र अन्य मर्मत कार्य | १५०००० |
| | | | २७ | व्यवहारिक उत्प्रेणा कार्यक्रम सञ्चालन | ४००००० |
| | | | २८ | घरपझोङ परिचय तथा पर्यटन प्रवर्द्धन विषयक कबिता गोष्ठी सञ्चालन | ५००००० |
| | | | २९ | चिमाङ गोरेटो बाटो मर्मत | १६५००० |
| | | | ३० | बाटोमा आर.सी.सी. गर्ने, घरपझोङ-३, स्याङ | ३६५३९९ |
| | | | ३१ | शौचालय निर्माण, घरपझोङ-३, स्याङ | २३९२३१ |
| | | | ३२ | भलपानी तथा ढल निकास, घरपझोङ-३, पुथाङ एक्लेभट्टी | १५६६३८ |
| | | | ३३ | जोमसोम बाल उद्यान सौन्दर्यकरण, जोमसोम | ४००००० |
| | | | ३४ | छैरो आ.वि.मा वेड/फर्निचर व्यवस्थापन | ५००००० |
| | | | ३५ | जनमुक्ति युवा क्लबको भवन तथा शोचालय मर्मत | ४००००० |
| | | | ३६ | साविक जोमसोम ८ मा ढल निकास | २५०००० |
| | | | ३७ | छैरो सामुदायिक भवनमा सेफ्टीक टेङ्क निर्माण | २५०००० |
| | | | ३८ | सशस्त्र प्रहरी बल, नेपाल नं. ३३ गुल्म हे.क्वा. | २००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | मुस्ताङको पूर्वाधार मर्मत | |
| | | | ३९ | कार्यालयको गार्डरुम मर्मत | ६५६[illegible] |
| | जम्मा | ४२९८८९१४ | | जम्मा | ४२९८८९[illegible] |

नाम संशोधनका लागि पेश भएका योजना तथा कार्यक्रमहरु

| सि.नं. | स्वीकृत योजना/कार्यक्रमको नाम | बजेट | सि.नं. | योजना/कार्यक्रमको संशोधित नाम | बजेट |
|---|---|---|---|---|---|
| १ | मार्फा सभागृह भवनको छानामा रंरोगन तथा पेटी मर्मत गर्ने कार्य | ५००००० | १ | मार्फा सभागृह भवनको छानामा रंरोगन र अन्य पूर्वाधार निर्माण तथा मर्मत कार्य | ५०००[illegible] |
| २ | जनकल्याण आ.वि. मा शोचालय निर्माण | ५००००० | २ | जनकल्याण आ.वि. मा शोचालय तथा अन्य पूर्वाधार निर्माण र मर्मत कार्य | ५०००[illegible] |
| ३ | चिमाङ चर्च मर्मत, घरपझोङ-१, चिमाङ | ५००००० | ३ | चिमाङ चर्च भवन निर्माण कार्य, घरपझोङ-१, चिमाङ | ५०००[illegible] |
| ४ | गाउँपालिकाको गानको अडियो/भिडियो निर्माण | २५०००० | ४ | गाउँपालिकाको डकुमेन्टरी निर्माण | २५०००[illegible] |
| ५ | बालमैत्री स्थानीय शासन घोषणा कार्यक्रम | २०००००० | ५ | बालमैत्री स्थानीय शासन प्रबर्द्धनका लागि विद्यालयहरुमा सूचकमा आधारित बालमैत्री र अपाङ्गमैत्री पूर्वाधार निर्माण (धारा, शौचालय, खेलमैदान, बाल उद्यान) | २०००००[illegible] |
| ६ | बालमैत्री स्थानीय शासन प्रबर्द्धनका लागि विद्यालयहरुमा सूचकमा आधारित बालमैत्री र अपाङ्गमैत्री पूर्वाधार निर्माण (धारा, शौचालय, खेलमैदान, बाल उद्यान) | ५००००० | ६ | बालमैत्री स्थानीय शासन घोषणा कार्यक्रम | ५००००० |
| ७ | खिल्हा मेला सञ्चालन | १००००० | ७ | तुङ्ल्हा मेला सञ्चालन | १००००० |

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

प्रस्ताव नं. ५ :-

बालमैत्री स्थानीय शासन कार्यक्रम सम्बन्धी योजना तथा कार्याक्रमहरु सम्बन्धमा ।

निर्णय नं. ५ :-

चालु आ.ब. को स्वीकृत कार्यक्रम अन्तर्गत बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणाको लागि स्वीकृत बजेटको परिधि भित्र रहेर निम्न विद्यालयहरुमा तपसिल बमोजिमका बालमैत्री योजना तथा कार्यक्रमहरु सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :-

| क्र.सं. | विद्यालयको नाम | गर्नु पर्ने कार्य | अनुमानित लागत रु. | कैफियत |
|---|---|---|---|---|
| १. | श्री मुक्ति नमूना आ.वि. ठिनी | बेसिनलाई सबै विद्यार्थीको पहुँच हुने गरी निर्माण गर्ने । विद्यार्थीले प्रयाग गर्ने शौचालयको सेप्टी टेङ्की मर्मत गर्ने । | ४०,०००।- | |
| २. | श्री छैरो आ.वि. छैरो | शौचालय। मर्मत, धार मर्मत, शौचालयको छाना छाउने । | १,३२,०००।- | |
| ३ | श्री निलगिरी आ.वि. चिमाङ | सिढी निर्माण र अन्य मर्मत संभार कार्य | ३,५०,०००।- | |
| ४ | श्री जनवाल मा.वि. मार्फा | बालमैत्री फर्निचर, कार्पेट, पिफोम व्यवस्थापन गर्ने | २,००,०००।- | |
| ५ | श्री जनकल्याण आ.वि. स्याङ | बालमैत्री धारा निर्माण, सिढी मर्मत, ECD कक्षा अगाडी ढलान गर्ने | २,००,०००।- | |
| ६ | श्री जनहित मा.वि. जोमसोम | शौचालय मर्मत गर्ने र नयाँ शौचालय निर्माण गर्ने | १०,८७,०५०।- | |

प्रस्ताव नं. ६ :-

कृषि अधिकृत (सातौं तह) को नियुक्ति दिने सम्बन्धमा ।

निर्णय नं. ६ :-

गाउँपालिकाको माग अनुसार लोक सेवा आयोग, गण्डकी प्रदेश, पोखराले सिफारिस गरि पठाएको कृषि अधिकृत (सातौं तह) श्री सविना शर्मालाई नियुक्ति दिने सार्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ७ :-

सिरक, सिरानी, डनलब, वितरण सम्बन्धमा ।

निर्णय नं. ७ :-

विभिन्न प्रकारका आकसमिक अवस्थाबाट सिर्जित समस्याका कारण स्थानीय समुदायका साथै बाहिरबाट आउने व्यक्तिहरुलाई अस्थायी रुपमा रात्री आश्रयको व्यवस्थापन गर्नका लागि खरिद भएको सिरक, सिरानी, डनलबलाई तपसिल बमोजिम वडाहरुमा व्यवस्थापन गरी राख्नका लागि वितरण गर्ने सार्वसम्मत निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

तपसिल :-

| क्र.सं. | वडा नम्बर | थान/सेट | कैफियत |
|---|---|---|---|
| १ | १ | १० | |
| २ | २ | १० | |
| ३ | ३ | २० | |
| ४ | ४ | २० | |
| ५ | ५ | १० | |
| ६ | गाउँपालिका | ३० | |
| | जम्मा | १०० | |

प्रस्ताव नं. ८ :-

कृषि उपजको भण्डारण तथा बजारीकरण सुधार कार्यक्रम र एक पालिका, एक चिस्यान केन्द्र कार्यक्रम सम्वन्धमा ।

निर्णय नं. ८ :-

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बजेट तथा कार्यक्रम शाखा, काठमाण्डौको च.नं. यो.ब.का./५१८ र ५१९ मिति २०८२।१२।१७ गतेको प्राप्त पत्रको सम्बन्धमा छलफल हुँदा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२।१२।१३ गतेको बैठकबाट स्वीकृत शासकीय सूधार सम्बन्धी एक सय कार्यसूची को बुँदा नं. ९०(ख) मा समावेश भएका प्रत्येक पालिकामा साप्ताहिक कृषि हाटबजार सञ्चालन गर्न स्थानीय तहलाई सहजिकरण गर्ने भनी लेखि आएको पत्रानुसार यस पालिकाले आगामी आ.ब.मा एक साप्ताहिक हाटवजार र एक चिस्यान केन्द्र निर्माणका लागि कार्यक्रम तथा बजेट माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ९ :-

पर्यटन सूचना केन्द्र सञ्चालन सम्बन्धमा ।

निर्णय नं. ९ :-

गाउँपालिकाबाट स्थापना भएको प्रशासनिक भवन अगाडी पक्की पुल नजिकै रहेको पर्यटन सूचना केन्द्र हाल सम्म सञ्चालन हुन नसकेकोले उक्त पर्यटन सूचना केन्द्रलाई नियमित रुपमा पर्यटनहरुको चाप हुने कार्यालय समय भन्दा अघी पछि समेत खोल्ने व्यवस्थापन गर्नु पर्ने भएकोले हाललाई अर्को व्यवस्था नहुँदा सम्मका लागि समय व्यवस्थापन गरी यस कार्यालयका कार्यालय सहयोगी श्री सुवास गर्बुजालाई पर्यटन सूचना केन्द्र खोल्ने जिम्मा दिने साथै कामको चापलाई हेरी एक जना जिम्मेवार कर्मचारी तोकी जिम्मेवारी दिने गरी व्यवस्थापन मिलाउनु हुन कार्यालयलाई निर्देशन दिने समेत सर्वसम्मत निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

प्रस्ताव नं. १० :-

रसायनिक मलको प्रयोग सम्बन्धमा ।

निर्णय नं. १० :-

कृषिमा रसायनिक मलको प्रयोगलाई निरुत्साहिक गर्दै जाने नीति गाउँपालकाले लिएको भएताप गाउँपालिकामा रसायनिक मल ठुलो मात्रमा भित्रिरहेको भन्ने जनगुनासो सुन्नमा आएको हु गाउँपालिकामा रसायनिक मल के कसरी र कति मात्रामा भित्रिरहेको छ साथै कहाँ कहाँ प्रयोग भईरहे छ अध्ययन गरी कृषि शाखाले प्रतिवेदन पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ११ :-

ठाउँसारी अनुमति दिने सम्बन्धमा ।

निर्णय नं. ११ :-

टोखा नगरपालिकामा दर्ता भई यस गाउँपालिकामा ठाउँसारी गरीपाउँ भनी आवश्यक कागजात सहि निवेदन पेश गरेको दुई भाई निर्माण सेवा प्रा.लि.लाई घरपफ्शोङ गाउँपालिकाको "घ" वर्गको निर्मा व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७९ (संशोधन सहित) मा व्यवस्था भए अनुसा ठाउँसारीको स्वीकृति प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. १२ :-

विभिन्न पत्रका सम्बन्धमा ।

निर्णय नं. १२ :-

१ सशस्त्र प्रहरी बल, नेपाल नं. ३३ गुल्म हे.क्वा, मुस्ताङको च.नं.४६८ मिति २०८२।११।२६ को पत्रको सम्बन्धमा छलफल हुँदा चालु आ.ब. को बचत रकमबाट पूर्वाधार मर्मत गर्ने गरी रु.२,००,०००।- प्रस्ताव गर्ने र गाउँसभामा पेश हुने विनियोजन ऐन, २०८२ को संशोधनको प्रस्तावमा समावेश गर्ने गरी बजेट स्वीकृत सर्वसम्मत निर्णय गरियो ।

२ सैनिक उच्च शिखर शिक्षालय कैसाङ्ग ब्यारेक, मुस्ताङको पत्र संख्या ८०३०।कार्य।११।०८२।८३।१३६६ गतेको पत्रको विषयमा छलफल हुँदा जोमसोम-कैसाङ सडकको विभिन्न खण्डमा मर्मत गर्नु पर्ने देखिएकोले, गाउँपालिकाको तुरुन्तै डोजर खरिद गर्ने कार्यक्रम रहेको हुँदा डोजर खरिद पश्चात सडक मर्मतको व्यवस्था गर्ने सर्वसम्मत निर्णय गरियो । साथै सम्बन्धित निकायहरुमा अनुरोध गर्ने समेत निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष